नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली, काठमाडौंको
चमेना गृह (क्यान्टिन) संचालन सम्बन्धी सिलबन्दी दरभाउपत्र प्रस्ताब आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०२।२८

राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली परिसर भित्र रहेको चमेना गृह (क्यान्टिन) संचालन गर्न ईच्छुक तथा अनुभवी नेपाली नागरिक तथा व्यबसायिक फर्महरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको कार्यालय समय भित्र रू.१,०००/- (अक्षेरूपि एक हजार मात्र) दस्तुर तिरी क्यान्टिन सञ्चालन सम्बन्धी प्रस्ताव फाराम खरिद गरी कार्यालयको जिन्सी शाखामा सिलवन्दी दरभाउपत्रको प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। चमेना गृह (क्यान्टिन) संचालन गर्ने सम्बन्धी थप जानकारीका लागि कार्यालयको जिन्सी शाखामा सम्पर्क गर्नहुन समेत जानकारी गराईन्छ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली, काठमाडौंको

**चमेनागृह सञ्चालन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशन मितिः २०८२।०२।२८**

यस कार्यालयको परिसरमा कार्यालयका कर्मचारी एवं काम-विशेषले कार्यालयमा आउने व्यक्तिहरु स्वयंले भुक्तानी गर्ने गरी तपसिल बमोजिमको शर्तको अधिनमा रही खाजा, खाना उपलब्ध गराउने गरी चमेनागृह सञ्चालन गर्नुपर्ने भएको हुँदा ईच्छुक फर्म/कम्पनीले खाजा, खानाको परिकार र इकाई अनुसारको वस्तु तथा सेवाको विवरण सहित सिलबन्दी दरभाउपत्र पेश गर्नहुन आह्वान गरिन्छ ।

**तपसिलः**

१. सामान्यतया चमेनागृह विहान ८:०० बजे देखि बेलुका ६:०० वजेसम्म सञ्चालन गर्नुपर्नेछ । चमेनागृह सञ्चालन सम्झौताको अवधि एक वर्षको हुनेछ ।

२. चमेनागृह सञ्चालकले चमेनागृह भवन प्रयोग गरे वापत मासिक रुपमा ५,०००/- (पाँच हजार रुपैयाँ मात्र) भाडा तिर्नु पर्नेछ ।

३. पिउने तथा खाना पकाउने स्वच्छ पानीको व्यवस्था सञ्चालक स्वयंले गर्नुपर्नेछ ।

४. चमेनागृहकालागि छुट्टै विद्युत् सब मिटर जडान हुने र उक्त मिटरमा उठेको महशुल भुक्तानी गर्ने दायित्व चमेनागृह सञ्चालकको हुनेछ ।

५. चमेनागृहका लागि आवश्यक पर्ने फर्निचर टेलिफोन र धाराको पानी कार्यालयले उपलब्ध गराउनेछ । ।

६. चमेनागृहबाट उपलब्ध गराइने खाद्य परिकारको परिमाण, गुणस्तर एवं चमेनागृह र वरपरको सरसफाई स्थितिका बारेमा निरन्तर अनुगमन हुने तथा कार्यालयबाट तोकिए बमोजिम सेवा-प्रवाह सन्तोषजनक भएको नपाइएमा जुनसुकै बखत कार्यालयले सम्झौताका शर्त मुताविक आवश्यक कारवाही गर्न सक्नेछ।

७. सिलबन्दी दरभाउपत्र साथ फर्म दर्ता प्रमाणपत्र, सञ्चालकको नागरिकता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, र आ.ब. २०८०/०८१ को करचुक्ता प्रमाणपत्र हरुको प्रमाणित प्रतिलिप संलग्न गर्नुपर्नेछ ।

८. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात रु. १,०००।— राष्ट्रिय बाणीज्य बैंकमा रहेको खाता नं. १०००१००२०००१०००० कार्यालय कोड ३०१०८३५०१ राजस्व शिर्षक १४२२९ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गरी कार्यालयको जिन्सी शाखाबाट मिति २०८२।०३।११ गते कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ ।

९. सिलबन्दी दरभाउपत्र मिति २०८२।०३।१२ गते दिनको १२:०० बजे भित्र पेश गर्न सकिनेछ। उक्त म्याद पछि पेश भएका दरभाउपत्र मान्य हुने छैनन् ।म्यादभित्र रितपूर्वक दर्ता भएका सिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम दिनको दिनको १४:०० बजे खोलिनेछ । सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन, बुझाउने अन्तिम दिन र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय खुल्ने दिनमा खरिद गर्न, बुझाउन र खोल्न सकिनेछ ।

१०. खरिद प्रक्रिया रद्द गर्नुपर्ने भएमा कार्यालयले कारण खुलाई जुनसुकै बखत रद्द गर्न सक्नेछ ।

११. अन्य कुरा सम्झौता बमोजिम हुनेछ ।